# मुसाफिरको मनोवाद

*अनन्तप्रसाद वाग्ले*

निरन्तर बढिरहेछ भीड र भीडमा हराइरहेछु म । पौडिरहेछु मान्छे(मान्छेको विशाल समुद्रबीचमा । पानी(पानी मात्र (पानी मात्र छ चारैतिर । कहिले सकुँला म यो समुद्रा छिचौलन र बगर छुन ? दौडिरहेछु तर भेट्दिनँ कुनै किनारा । डुबिरहेछु र पाउँदिनँ केही सहारा । म जहाँ डुबिरहेछु, छैटौं महासागर हो यो । कसैले आठौं महादेव पनि भन्ने गर्छन् यसलाई र म हुँ बाऱ्हौं खेलाडी । आठ र बाऱ्हलाई अशुभ अङ्क भन्थे आमाहरू । त्यसो त आठौं बार, तेऱ्हौं महिना र सातौं ऋतुमै टुङ्गिन्छ यो मुसाफिरको यात्रा । तेस्रो आँखा र छैंटौं इन्द्रियको खोजीमा पन्ध्रौ अञ्चल र छयहत्तरौं जिल्ला मात्र हैन चोथो विश्व नै पार गर्नु छ मैले । सायद आठौं आश्चर्यको प्रतीक्षामा हुनुहुन्छ तपाईं ।

बुद्धले जस्तै ज्ञान, भक्ति र वैराग्यको खोजीमा निस्कन सकिनँ म । तैपनि म निस्कें डाँडो काट्ने दाँवल दौंतरीहरूसँग र हराएँ भीडमा । हेगल, फायरवाख र मार्क्सले झैं द्वन्द्ववाद र भौतिकवादमा जीवनको मुक्ति भेटिनँ मैले । शहर बन्ने अनवरत प्रयत्नमा छन् गाउँहरू र गाउँलेहरू भनिरहेछन् (“काल आयो भने स्यालहरू शहर पस्छन् ।” त्यसैले त मृत्यु यात्रातर्फ अनवरत उन्मुख छौं हामी र भनिरहेछौं यो जीवनयात्रा हो ।
आज मोटाहरूको हूलमा निकै बेर हेलिनुपऱ्यो मैले । मानव मलले मोटाउँछन् सुँगुर(बङ्गुरहरू । मानव पसिना र रगतले मोटाउँछन् साहू(महाजनहरू । अनि मानव मतले मोटाउँछन् नेताहरू । यो कस्तो समानता साहू, नेता र सुँगुरमा, सुँगुर, नेता र साहूमा । के मृत्यु नै मुक्तिदाता हो र जीवनको ? किन गहिरो नदीमा हेलिन्छन् दुःखियाहरू ? किन अप्ठेरो भीरमा फाल हाल्छन् बैरागीहरू ? र किन साइनाइडको दुरुपयोग गर्छन् उदासीहरू ? दुई साताअघिको त्यो रात, भूमेथानको खोल्सोमा स्नान गर्दै थियौं हामी, दिनभरि जल्दो चिताअगाडि टोलाएर फर्केका मलामी । मेरो एक बालसखा विषसँगै जीवन बिसर्जन गरेर जल्दै थियो आर्यघाटमा र उसको धूवाँमा उडेको तीन चिचिलाको सपना बिझाउँदै थियो सबैको आँखामा । हिजोसम्म रङ्ग(रङ्गका पस्मिना देखाउँथ्यो ऊ । पर्यटकहरू छानी(छानी हेर्थे र रमाउँथे रमाइलो ठमेलमा । आज बागमतीपारिबाट ऊ जलिरहेको दृश्य खिच्दै थिए पर्यटकहरू ।

ऊ पनि भन्थ्यो(सङ्घर्ष हो जीवन । तर कसरी ‘मरेपछि डुमै राजा’ मा पुग्यो ऊ ? किन सम्झेन उसले ‘मर्नुभन्दा बौलाउनु निको ?’ उसले त बुझेन भने के बुझ्ली उसकी सावित्रीले, के बुझ्ली उसकी सरिताले ‘रोइरहनुभन्दा गाइरहनु बेस’ । त्यसो त लेखक दाजु युवराज गौतम भन्नुहुन्थ्यो (“कायरहरूले आत्महत्या गर्दा फरक पर्दैन ।” त्यस दिन मलाई त लाग्यो(बौलाएरै भए पनि बाँचुन ती, मरेरै भए पनि बाँचुन ती । नामर्द र हुतीहारा भए पनि, डरपोक र पिलन्धरे भए पनि, अल्छी र लुरे भए पनि, हिम्मतहारा र तोरीलाहुरे नै भए पनि, कायर र कमजोर नै भए पनि, निमुखा र निम्छरा नै भए पनि नमरुन, ती बाँचिरहुन् । कमसेकम तिनका सन्तानले ‘टुहुरो’ भन्ने हीन विशेषण त पाउँदैनन् । कमसेकन तिनका अर्धाङ्गिनीको सिन्दूर, पोते र लाली त खोसिँदैन । कमसेकम ‘विधवा’को अवहेलनाबाट त बच्छन् ती ।

वीरहरू त यदाकदा जन्मन्छन् इतिहासमा । सयौं(हजारौंमा एक हुन्छन् वीर । अनि कायरहरू धेरै हुन्छन् र त महत्व हुन्छ वीरको । लामो कालखण्डको छोटो र उत्तम साइतमा जन्मन्छन् र बाँचिरहन्छन् वीर । कतै सुनेको थिएँ( “वीरहरू नेता बन्छन्, कायरहरू लेखक बन्छन् ।” यद्यपि दुवै क्षेत्रमा खडा भएको छ भाट र देशद्रोहीको दस्ता । दाजु युवराज, तपाईंले भनेजस्तै (सगरमाथा पगालेर गङ्गामा मिस्न आतुर छन् ती, नेपाली टोपीले विदेशीको सिँगान पुछ्न लालायित छन् ती । तिनीहरू, जो विदेशीको स्कच र द्रव्य पिएर चल्छन् र राष्ट्रवादको भाषण गर्छन्, कायरै भए पनि तिनको लाममा छैनौं हामी । हो, यसमै गौरव र नबनौं मिर जाफर र लेण्डुप दोर्जेका त्यस्ता अनुयायी । गाउँका कुरामै गम्किन मन लाग्छ बेसी । किनकि गाउँ नै गाउँ मिलेर बनेको छ नेपाल । गाउँतिर कोही च्यापुसम्म खाएर घुर्नेहरू छन् र कोही पेटको ज्वालाले निदाउनै नसक्नेहरू छन् । पच्चीसौं वर्षदेखि नेपालमा छन् बेलायती समाजशास्त्री डेभिड सेडन । नेपाली विकासको अध्ययन र अनुसन्धान गर्छन् प्राध्यापक सेडन । उनको निष्कर्षमा आफ्नो गरिबी र पछौटेपनप्रति भन्दा, साँझबिहान पेटभरि खान नपाएको कुराप्रति भन्दा अरू स(साना र अनावश्यक कुरामा बढी केन्द्रित छौं हामी । आम्दानी बढाउने, जीवनस्तर

उकास्ने, नैतिकता र इमानदारिता पालन गर्ने कुरामा उदासीन छौं हामी । राष्ट्रियताको समवेदनाले पोलेझैं गरिबीको पीडा पनि महसुस गर्नु छ हामीले ।

हरेक साउनमा आउँछन् भेलहरू, तर टसको मस हुँदैनन् कुनै चट्टान । हरेक वर्ष खोलो बग्छ ऋण र अनुदानको तर ज्यूँको त्यूँ रहन्छ हाम्रो गरिबी । राष्ट्र उठ्न हिसाब र निसाफ सफा हुनुपर्छ भन्थे जानिफकारहरू । हिसाबै गोलमाल हाम्रो, निसाफै गोलमाल हाम्रो । यद्यपि अर्थ र न्यायका अनगिन्ती अड्डाहरू व्यस्त रहन्छन् वर्षभर । फ्याँकिन्छन् र थुतिन्छन् लगातार कानुन र बजेटका घुमाउरा पासाहरू । मध्यरातमा सडकमा मर्छ युवक र हामी हेरिरहन्छौं न्यायको नाटक । ‘एनी हाउ पैसा कमाऊ’ को यो साम्राज्यमा कोसँग हुन्छ दुख्ने मुटु ? सञ्चारका सामग्रीमा सीमित छन् समवेदना र शुभकामना । विज्ञापनका वस्तुमात्र हुन् ती सब । कसैले गाइको सेकुवाको व्यापार गरोस्, कसैले भुटन बनाएर भोज लाओस् डाँफेको, कसैलाई दुख्ने छैन । लालीगुराँसको जङ्गलमा आगो लागोस् कतै बाँध फुटेर सिनित्तै पखालियोस् सिम्रिक, कसैको छाती पोल्नेछैन । कीर्ते कागजमा लागिरहोस् छापको उठ्ला चित्त दुःखाउने ? अनि दाउपेचै दाउपेचमा कहिले उठ्ला राष्ट्रको प्रतिष्ठा ?
गौचरनका चराहरू पनि आतङ्कवादी बनेका छन् यतिखेर र हाम्रो आकाशमा बजिरहेछ चर्को साइरन । आतङ्कवादको विरुद्ध तैनाथ छन् सिकारीहरू । माधव घिमिरे गुनगुनाउँदै होलान् नाति(नातिनासँग(

‘नेपालको माटो दुस्मनले टेक्यो
हिमालमा उड्ने गरुडले देख्यो
छङ्गाछुर भरि, ढुङ्गा चारैतिर
किल्ला बाँधी बस्थे बलभद्र वीर ...’

किल्ला कुर्ने वीरको मुटु चिहानमा खोजिरहेछौं हामी हनुमानहरू । आफ्नै शक्तिबारे अनभिज्ञ हुन्छ (हनुमान । आफ्नो हीराको उपयोग गर्न नसक्दा गरिब बनिरहेछौ हामी । हामी आफ्नै नाभीको कस्तुरी थाहा नपाउने मृग हौं । आफ्नो गौलोचन नबुझ्ने गाई र मणि नचिन्ने नाग हौं । त्यसैले त भिल्ल बस्तीमा परिणत हुँदै छ देश र कौडी( कौडीमा बिकिरहेछ जनता । कुहिँदै छ प्रजातन्त्रको बीउ र सुन्निँदै छ देशभक्तको जीउ । हराउँदै छन् जिब्रो नचपाई बोल्नेहरू । अस्तित्वहीन छन् कुरो नलुकाई लेख्नेहरू । स्वप्निल घोषणापत्रका युटोपिया पढेर दिइरहेछौं व्यक्तिगत समृद्धिको लाइसेन्स र ठोकिरहेछौं स्वस्तिक लगातार । पेटका कुवा पुर्न घाँस काटिरहेकै छन् दरिद्र घाँसीहरू । यद्यपि डिस्को, मसाज, बेकरी, क्याफे, मोमो पार्लर, विम्पी र हर्टस् क्याबिनमा मस्त छन् भानुभक्तहरू ।

सतीद्वारा श्रापित छ इतिहास । जो भूलै(भूलले भरिएको छ र निष्ठुरी छ । दैलामै छप्किन्छ देशलाई जिताउने भीम मल्लको गर्दन । सिसाले सेरिएर मर्छ देशभक्त भीमसेन थापा । आशीर्वाद त आउँछन् ऐभाँत(सौभाग्यका । तैपनि सधैँभरि नङ्ग्याइरहन्छ सतीहरूलाई ।
पूर्वी संस्कृतिले भनेझैं अभूतपूर्व सम्बन्ध छ नर(नारीको । अग्नि जगाएर, जग्गे घुमेर, दुनियाँलाई साक्षी राखेर बनाएको एक धर्को मात्र होइन यो । गतिशील हुन्छ रगतको नाता र सिन्दूरभन्दा गाढा हुन्छ प्रेमको सम्बन्ध । त्यसैले त प्रसिद्ध चिन्तक कार्लमार्क्सले बालबच्चा लिएर आफ्नी बिरामी आमालाई भेट्न गएकी प्राणप्यारी जेनीलाई लेखेका थिए( “संसारका थुप्रै आइमाईमध्ये कति त अति सुन्दर छन् । यद्यपि म त्यस्तो दोस्रो अनुहार कहाँ भेट्टाउन सक्छु, जसको प्रत्येक रेखाले, जसको चाउरीले समेत मेरो जीवनका उत्कृष्ट दिनहरूको सम्झना बिउँझाइदिन्छ । म तिम्रो प्यारो अनुहारमा कहिल्यै नफर्कने गरी गुमाएका कुराहरू देख्छु ।”

कसलाई पाए र लाटाहरूले आफ्नो स्वरपुरुष, को नै बन्यो र बहिराहरूको चनाखो कान, न अन्धाहरूको दृश्य बन्यो कोही न त शोषित पीडितको शक्ति नै बन्यो कुनै मसल प्रदर्शक । ज्यूँदो शहीद रामहरि शर्मा दलहरूका चलहपहललाई सत्ता हत्याउने मसल भन्नुहुन्छ । तानाशाहका निशाचरहरूसँग शरीरका फाल्सा(फाल्सा कोत्रेर लड्ने योद्धाहरू बोसो र मासुको पहाड जोडेर जीउमा कसरी फुलाउँछन् मसल र किन निस्कन्छन् ‘मर्निङ वाक’मा ?

हिमालको खोजीमा सदा भौंतारिरहेछु म । फूलको खोजीमा फैलिरहेछु म । यद्यपि आगैआगो मात्र छ यत्रतत्र । सडकमा आगो छ, जसलाई मैले दिनहुँ कुल्चनुपर्छ । प्रत्येक आगो छ आँखा अघिल्तिर । रातभरि रोएर आँसुले त्यो आगो निभाउँछु म । आगोजस्तो शब्दको झीरले प्रत्येक दिन कान घोचिरहेछ । फूलको रासमा लडीबुडी गर्न पाए कति शीतल हुन्थ्यो होला यो तन । रात दिन यौवनका मधुप्याला रित्याउनेहरूको पनि किन दुख्दो हो मन ?

मुसाफिरको कमलो मन हो यो, जो भुवाजस्तै हलका छ र उडिरहन्छ लगातार । सपना हतारिन्छे र घिसार्छे मलाई । भन्छे( "मलाई देऊ मन र छाडिदेऊ रात(रातभर बर्बराउन ।"

*- बाँसडोल(७, काभ*